विजय विकास स्रोत केन्द्रको प्रकाशन

# विजयध्वनि

(VIJAYA DHOWNI-Journal Published by VDRC-Nepal)

वर्ष १६ | अङ्क १ | पूर्णाङ्क ३० | जेष्ठ २०७२

संरक्षक
वसन्तराज लम्साल
अध्यक्ष
विजय विकास स्रोत केन्द्र

प्रधान सम्पादक
गोविन्दराज विनोदी

सम्पादक
खेमराज सापकोटा

सह-सम्पादक
श्याम ग्वाली

कम्प्युटर
लक्ष्मी अधिकारी

प्रकाशक
विजय विकास स्रोत केन्द्र
गैंडाकोट-८, नवलपरासी
फोन:०५६-५०११७२, ५०११००, ५०१४०२
फ्याक्स: ०५६-५०१४०१
E-mail: vdrc@vdrc.org.np
Website: www.vdrc.org.np

## यस भित्र ...

संस्थागत गतिविधि ...
कार्यक्रम अपडेट ...
कार्यक्रमको परिचय ...
सफलताका कथाहरू ...
यात्रा संस्मरण ...
पोषण गीत ...
शुभकामना ...

### सम्पादकीय...

## महाभूकम्पको विध्वंश र त्यसले सिकाएको पाठ

- वि.सं.२०७२ साल वैशाख १२ गते शनिवार नेपालको इतिहासमा अत्यन्त दु:खदायी दिनका रूपमा अङ्कित हुनपुग्यो । १९९० साल माघमा गएको प्रलयङ्कारी भूकम्पले काठमाडौं र त्यस वरपरका जनजीवनलाई तहसनहस बनाएको स्मृति रहँदारहँदै त्यसको ठीक ८२ वर्षमा फेरि त्यस्तै विध्वंशकारी महाभूकम्पले नेपाली जनजीवनलाई सन्त्रस्त तुल्याउनुका साथै झण्डै दसौंहजारको ज्यान पनि लियो । नेपालको साँस्कृतिक धरोहर वसन्तपुर दरबार, भीमसेन स्तम्भ (धरहरा) लगायत थुप्रै मन्दिरहरू, सार्वजनिक भवनहरू, वैयक्तिक महलहरूका साथै कला संस्कृतिका कैयौं प्रतीकहरू भत्कायो र सखाप पार्‍यो । यस्तो अकल्पनीय प्राकृतिक विपदाले सिङ्गै नेपाल आहत भयो । कैयौं मानिसका लागि आफ्नै सुरक्षित आवासस्थल पनि चिहान हुन पुग्यो । यो पीडाको दुर्दान्त स्वरूप स्वयं भोग्नेहरूलाई कस्तो होला ? हामीलाई वर्णन गर्दा मात्र पनि अनन्त पीडाको अनुभव हुन्छ ।
- महाभूकम्पले अनौठो नग्ननर्तन गर्‍यो । पटक-पटक पराकम्पनहरू गए । विभिन्न ठाउँलाई केन्द्रविन्दु बनाएर पटक-पटक गएका ठूला कम्पनहरूले पहिलो धक्काले चर्किएका संरचनाहरू भत्काए । बारम्बार धक्का दिएर विविध संरचनालाई पूर्ण रूपमा ध्वस्त नपारेसम्म भूकम्पलाई शान्ति मिलेन । यसको भौगर्भिक स्थितिबारे भूगार्ववविद् र भूकम्पविद्हरू नै जान्लान् तर पीडा भोग्नेहरूको जीवन भने नारकीय नै बन्यो । अप्रत्याशित अकल्पनीय, अशोच्य रूपमा एक्कासि यो विपदा आयो र हाम्रो जीवनलाई भयाक्रान्त, तहसनहस बनाउँदै कतिपय जीवनलाई मृत्युको मुखमा धकेलिदियो । यसबाट सवेदनशील भएर मानवीय दृष्टिले विभिन्न मित्रराष्ट्रहरूले राहत सामग्री पठाए र हामीहरूप्रति सहानुभूतिका शब्दहरू वर्षाए । नेपालको यो विपदाप्रति सिङ्गो विश्वजनसमुदायमा हार्दिक मानवीय सहानुभूति र सहयोगको भावना उब्जियो र हामीले उनीहरूबाट यथेष्ट मानवीय सहयोग पायौं । यो विषय हाम्रा लागि अविस्मरणीय महत्त्वको छ ।
- राहत के कसरी बाँडियो ? राजनीतिक दलहरूले आफ्नै दलका मानिसमा बाँडे, थुप्रै मानिस राहतबाट वञ्चित भए, राहतबाट गलत फाइदा उठाइयो, आदि इत्यादि समाचारहरू पनि आए । विदेशीहरूले आफ्नै देशको प्रचार गरे भन्ने पनि सुनियो । त्यस्ता कुरा आउनु राम्रो होइन । यसमा हाम्रो असन्तोषी बानी र नकारात्मक सोचले पनि काम गरेको हुन सक्छ । आखिर राहत आयो । प्रधानमन्त्री राहतकोषमा जम्मा गर्न पनि मान्छेमा विश्वास भएन भन्ने पनि सुनियो । यस्ता अत्यन्त निकृष्ट सवालहरू उठ्नु हुँदैनथ्यो । स्वदेशी र विदेशी जनताले आफ्नो छाक कटाएर गरेको सहयोग दुरुपयोग हुनु निश्चय नै लज्जाजनक कुरा हो । हामीलाई लाग्छ, यी हल्लाहरूमा सत्यता छैन । यस्ता हल्ला र कार्यले हाम्रो आदर्श, संस्कार र नेपाली जातीय गरिमालाई उच्च राख्दैन । अत: प्राकृतिक विपदाको यो समयमा हामी सबै नेपालीले माया, सद्भाव, सहयोग, सहिष्णुता प्रसार गर्दै आपसी एकता दर्साउनु पर्दछ । यसले हामीलाई मिलेर बस्न, बाँडेर खान र स्वार्थरहित भएर मुलुकलाई पुनर्निर्माणका लागि जुट्न सन्देश दिएको छ । यो समयमा राजनीतिक दलहरूले दलीय स्वार्थबाट माथि उठेर सकारात्मक सोच सहित राष्ट्रिय सहमति, सहकार्यको भावनाद्वारा मुलुकलाई सवैधानिक निकास दिनुपर्छ र नयाँ नेपालको नवनिर्माणमा तुरुन्त लागिपर्नु पर्दछ भन्ने पाठ महाभूकम्पले सिकाएझैं लाग्छ ।

⌘ ⌘

Scanned with CamScanner

## नयाँ सम्झौता

◆ गरिबी निवारण कोष र विजय विकास स्रोत केन्द्र बीचमा नवलपरासी जिल्लाका ८ वटा गाविसहरू (हुप्सेकोट, राकाचुली, रकुवा, रुचाङ्ग, नरम, धुर्कोट, मैनाघाट र कोल्हुवा) मा गरिबी निवारणका लागि एकीकृत विकास कार्यक्रमको आर्थिक वर्ष २०७१/०७२ का लागि सम्झौता सम्पन्न भएको छ ।

◆ रुम टु रिड र विजय विकास स्रोत केन्द्र बीचमा सन् २०१५ का लागि साक्षरता कार्यक्रम नवलपरासी जिल्लाका ९५ वटा विद्यालयहरूमा सञ्चालानार्थ सम्झौता सम्पन्न भएको छ । सो साक्षरता कार्यक्रम सन् २००७ देखि निरन्तर रूपमा कार्यान्वयनमा रहेको छ ।

◆ यस विजय विकास स्रोत केन्द्र र शिक्षा मन्त्रालय, व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि (EVENT) परियोजना विच स्वतन्त्र तेस्रो पक्षीय अनुगमन (Third Party Independent Monitoring of ToT for Led and Assistant Trainers and Skill Test Assessors Managers)का लागी संझौता सम्पन्न भएको छ । यसको अवधि यही आषाढ मसान्त २०७२ सम्म रहने छ ।

□□

## भूकम्प पीडितलाई राहतः

जनताको हित र सामाजिक क्षेत्रमा आफ्नो अमूल्य सहयोग र सद्भाव कायम गर्दै आएको विजय विकास स्रोत केन्द्रले २०७२ वैशाख १२ गते गएको महाभूकम्पमा प्रभावितहरूको लागि विजय परिवार अन्तर्गतका संस्थाहरू  विकू बचत तथा ऋण सहकारी संस्था लि., विजय सामुदायिक सूचना तथा सञ्चार सहकारी संस्था लि., विजय सामुदायिक शिक्षा सहकारी संस्था लि., विजय लघु वित्त वित्तीय संस्था र विजय कन्सल्टिङ्ग प्रा. लि. का साथै गैंडाकोट नवलपरासीमा बसोबास गर्ने साथै गैंडाकोटबाट विभिन्न देशमा गएर बसोबास गर्नेहरूले भूकम्प प्रभावितहरूका लागि सक्दो सहयोग गर्नु भएको थियो । उक्त सहयोगमा हालसम्म जम्मा रु.९,१२२,२३।- रकम सङ्कलन भएको थियो ।





**सहयोग वितरण गरिएको स्थानहरूः**

- धादिङ्ग जिल्ला छत्रदेउराली-१ मा १७७ प्याकेट खाद्यसामग्री (चामल, दाल, चिनी, नुन आदि)
- गोरखा जिल्ला हंसपुर-८ मा ५० थान त्रिपाल वितरण
- काभ्रे र ललितपुर जिल्लाको विभिन्न स्थानमा १०० थान त्रिपाल (विपन्न र गर्भवती महिलाका लागि वितरण)
- सिन्धुपाल्चोक जिल्लाको मेलम्ची गा.वि.स.मा १५० जनालाई राहत सामग्री वितरण

□□

## १८ वर्ष मुनिका बालबालिकाहरुलाई मदिरा तथा सुर्तीजन्य पदार्थ बिक्री वितरण नगर्ने प्रतिवद्धता :




दुर्व्यसन न्यूनीकरणका लागि विजय विकास स्रोत केन्द्रको चेतना सदन गैंडाकोटमा भएको एक कार्यक्रमका बीच सरोकारवालाहरूले १८ वर्ष मुनिका बालबालिकाहरूलाई मदिरा तथा सुर्तीजन्य पदार्थ बिक्री वितरण नगर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । विजय विकास स्रोत केन्द्रको विजय युवा समूहको आयोजना एवम् इलाका प्रहरी कार्यालय गैंडाकोट, सामुदायिक रेडियो विजय एफ.एम.१०१.६ र सामुदायिक सेवा केन्द्रको सहकार्यमा भएको कार्यक्रममा सरोकारवालाहरूले उक्त प्रतिवद्धता जनाएका हुन् । कार्यक्रममा अधिवक्ता कल्पना उप्रेतिले मदिरा तथा सुर्तिजन्य पदार्थको न्यूनीकरणमा सरोकारवालाको भूमिका विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रम विजय विकास स्रोत केन्द्रका अध्यक्ष वसन्तराज लम्सालको अध्यक्षता तथा जिल्ला प्रहरी कार्यलय नवलपरासीका प्रहरी उपरीक्षक नल प्रसाद उपाध्यायको विशिष्ट आतिथ्यतामा सम्पन्न कार्यक्रममा गैंडाकोटस्थित विभिन्न संघ संस्था, शिक्षक, विद्यार्थी तथा किराना र होटल व्यवसायीहरुको सहभागिता रहेको थियो ।

## अस्थाई विद्यालय भवन निर्माण :

विजय विकास स्रोत केन्द्र गैडाकोटको अगुवाईमा नवलपरासी जिल्लामा गत वैशाष १२ गतेको विनासकारी भुकम्पका कारण पूर्ण रुपमा क्षती भएका विद्यालयको भवन निर्माण कार्यको थालनी भएको छ । मिति २०७२ जेष्ठ १२ गते देउराली प्राथमिक विद्यालय रतनपुर ८ आहालेमा ३ कोठे भवन निर्माण गरेर यो अभियानको सुरुवात गरिएको हो । विजय परिवारको सहयोगमा सुरु भएको अभियानको प्रमुख जिल्ला अधिकारी श्री हरिप्रसाद मैनालीले सुरुवात गर्नुभएको थियो । तीन कोठे अस्थाई भवनको शुभारम्भ गर्दै प्रमुख जिल्ला अधिकारी मैनालीले विजय विकास स्रोत केन्द्रले सुरु गरेको यो अभियानलाई अन्य सामाजक संघ सस्थाले पनि निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो । जिल्ला शिक्षा अधिकारी श्री खड्क वहादुर कमालले विजय परिवारको अभियानलाई खुलेर प्रशंसा गर्नुभयो । भवन निर्माण टोलीमा विजय विकास स्रोत केन्द्रका कार्यकारी निर्देशक खेमराज सापकोटा, सन्चालन निर्देशक



Scanned with CamScanner

टिकाराम कंडेल, विकु बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष हरिलाल सापकोटा, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरीको टोली पुगेको थियो । नवलपरासी जिल्लामा महाभूकम्पका कारण १९ वटा विद्यालयमा पुर्ण रुपमा क्षती पुगेका कारण पठनपाठनमा समेत अवरुद्ध भएको थियो । जिल्ला शिक्षा अधिकारी श्री खड्ग बहादुर कमालले विद्यालय भवन निर्माणका लागि अन्यले पनि सहयोग गर्न सक्ने भन्दै सहयोगका लागि अपिल गर्नुभएको छ ।





## अल्प विकसित मुलुकबाट स्तरोन्नति (LDC) विषयक राष्ट्रिय सेमिनार सम्पन्न



विजय विकास स्रोत केन्द्र गैंडाकोट नवलपरासीले मिति २०७१ साल चैत्र ६ र ७ गते आयोजना गरेको अल्प विकसित मुलुकबाट स्तरोन्नति (Graduation From LDC) विषयक दुई दिवसीय राष्ट्रिय सेमिनारलाई सम्बोधन गर्दै अर्थमन्त्री डा. रामशरण महतले नेपालमा अहिलेसम्म केन्द्रीय तहदेखि तल्लो तहसम्म राजनीतिक मुद्दालाई मात्रै बहस र छलफलको विषय बनाएका कारण नेपाल अल्पविकसितमै सीमित रहेको बताउनुभयो । अब अर्थव्यवस्था र विकास नै मुल मुद्दा भएको भन्दै सकारात्मक कुराहरूलाई लिएर अघि बढ्नुपर्ने वहाले बताउनु भयो ।

सेमिनारमा राष्ट्रिय योजना आयोगका सदस्य डा.स्वर्णिम वाग्लेले नेपाललाई अल्पविकसित मुलुकबाट विकासशील मुलुक बनाउन व्यक्तिको आर्थिक उन्नतिका लागि दीर्घकालीन योजना र तिनको कार्यान्वयन हुनुपर्ने बताउनु भयो । कार्यक्रममा नेपालमा जलस्रोतको सम्भाव्यता र चुनौतीको विषयमा जलस्रोतविद् ज्ञानेन्द्रलाल प्रधान, पर्यटनको सम्भाव्यता र चुनौतीका विषयमा पर्यटनविद् प्रचण्डलाल श्रेष्ठ, भौतिक पूर्वाधारको अवस्थाका विषयमा डा. महेन्द्रलाल सुब्बाले प्रस्तुत गर्नु भएको कार्यपत्रका विषयमा छलफल भएको थियो ।

नेपाल सरकारले सन् २०२२ सम्ममा नेपाललाई विकासशील देश बनाउन कृषि, पर्यटन, जलस्रोत एवम् भौतिक पूर्वाधारको विकासमा विशेष ध्यान दिनुपर्ने कुरामा सहभागीहरूले जोड दिएका हुन् । कार्यक्रममा योजना आयोगका पूर्वउपाध्यक्ष डा. जगदीशचन्द्र पोखरेलले नेपालमा भौतिक संरचनादेखि शैक्षिक एवम् मानवीय स्रोतको समेत विकास हुँदै गइरहेकाले विकासशील राष्ट्रको रुपमा नेपाललाई स्थापित गर्न समस्या नभएको भन्दै अर्थपूर्ण विकासमा जोड दिनुपर्ने बताउनु भयो । कार्यक्रममा छलफल गरिएका विषयको सारलाई लिपिबद्ध गरी नेपाल सरकार लगायत स्थानीय समुदायले बुझ्ने गरी उपलब्ध गराउने विजय विकास स्रोत केन्द्रका सचिव तुलसी पौडेलले जानकारी दिनुभयो । सेमिनारको दोस्रो दिन समापन गर्दै संस्थाका अध्यक्ष बसन्तराज लम्सालले कार्यक्रममा उठेका सवालहरू सिङ्गो समुदायकै चासोको विषय रहेकाले विजय विकास स्रोत केन्द्रले सरकारले राखेको लक्ष्य समुदाय समक्ष पुर्‍याउन र उद्देश्य हासिल गर्न सम्बन्धित सरोकारवालाहरूलाई झकझकाउने हिसाबले कार्यक्रम सफल भएको भन्दै खुसी व्यक्त गर्नुभयो ।

□□

## बालमैत्री मेला-२०७१ मा VDRC

गत फागुन १५ गतेदेखि २१ गतेसम्म तम्सरियाको चोरमारामा तम्सरिया बालमैत्री मेला सम्पन्न भएको छ । यस बालमैत्री मेलामा VDRC ले २ वटा स्टलहरू राखी आफ्नो सहभागिता जनाएको थियो । सो मेलामा विद्यार्थी, शिक्षक, अभिभावक तथा सम्पूर्ण अवलोकनकर्तालाई पुस्तकालयको माध्यमबाट सबैमा पढ्ने बानी र सीपको विकास गराउनका लागि पुस्तकालयको नमुना प्रदर्शनी, पुस्तकालयको प्रयोग, पुस्तक अध्ययन तथा पुस्तकालयको प्रचार-प्रसार गर्ने काम भएको थियो ।

"शिक्षित बालबालिकाहरूबाट नै विश्वमा परिवर्तनको थालनी हुन्छ" भन्ने नारालाई आत्मसात गर्दै प्रत्येक विद्यालयमा बालमैत्री पुस्तकालयको स्थापना, पुस्तकालयको प्रयोग, सबै बालबालिकाहरूको पुस्तकालयमा पहुँच, बालकेन्द्रित शिक्षण प्रणाली तथा सिकाई, बालमैत्री व्यवहार, आचारसंहिता, बालबालिकाहरूबाट सिर्जित सामग्रीहरूको प्रदर्शन, छापायुक्त कक्षा कोठा तथा दिगोपना लगायतका विषयमा उपस्थित सबैलाई जनचेतना जगाउने र प्रचार प्रसार गर्ने काम भएको छ । यस प्रदर्शनी मेलामा विभिन्न सरकारी तथा नीजि विद्यालयका विद्यार्थी, शिक्षक, अभिभावक तथा सरोकारवालाहरू VDRC को स्टलमा सहभागी भई बालमैत्री पुस्तकालयको अवलोकन तथा २९५ जनाले पुस्तक स्व-अध्ययन गर्नु भएको थियो ।

यस किसिमको मेलामा बालमैत्री पुस्तकालय प्रदर्शनको माध्यमबाट बालबालिका तथा अभिभावकहरूमा पढ्ने बानी र सीपको वृद्धि भएको, बालमैत्री वातावरणमा पढाई तथा सिकाइ, स्तर अनुसार



Scanned with CamScanner

पुस्तकको छनौट तथा अध्ययन गर्ने गरेको, स्वतन्त्र बन्न, बोल्न र उनीहरूमा आत्मविश्वास बढाउनमा अझ टेवा पुगेको विश्वास VDRC ले लिएको छ ।

□□

## विजय विकास स्रोत केन्द्र जि. वि. स. नवलपरासीबाट सम्मानित

विजय विकास स्रोत केन्द्र जिल्ला विकास समितिबाट सम्मानित भएको छ । नवलपरासी जिल्लाको सामाजिक क्रियाकलाप सञ्चालनमा जिल्ला विकास समिति तथा विषयगत कार्यालयसँगको सहकार्य तथा समन्वयमा विकासका गतिविधि सञ्चालन गरी जिल्लाको समग्र विकासमा पुऱ्याएको योगदानको कदर गर्दै २६ औं जिल्ला परिषद्को अवसरमा सम्मान पत्रद्वारा सम्मानित भएको छ ।


जिल्ला विकास समितिको कार्यालय

२३औं जिल्ला परिषद

सम्मान-पत्र

□□

## हार्दिक बधाई

विजय विकास स्रोत केन्द्र र गरिबी निवारण कोष (PAF) बीचको साझेदारीमा सञ्चालित गरिबी निवारणका लागि एकीकृत विकास परियोजनामा कार्यक्रम संयोजकमा पूर्णबहादुर विश्वकर्मा, लेखा तथा सुपरभाइजरमा कालिदास गौडेल त्यसै गरी सामाजिक परिचालकहरूमा नारायण चन्द बोहरा, धीरेन्द्रप्रताप गाहा मगर, भगवती थापा मगर, मिना तरामु र मिलन कुमारी कुमाल नियुक्त हुनु भएकोमा यहाँहरू सबैलाई हार्दिक बधाई तथा शुभ-कामना व्यक्त गर्दछौं ।

अध्यक्ष

**वसन्तराज लम्साल**

एवम् विजय विकास स्रोत केन्द्र परिवार

## कार्यक्रम अपडेट

## ग्रामीण नमुना कृषकको क्षमता अभिवृद्धि कार्यक्रम




✍ विष्णु प्रसाद शर्मा

**तालिम अधिकृत**

सुआहारा परियोजना अन्तर्गत विजय विकास स्रोत केन्द्रले हेलेन केलर इन्टरनेसनलसँगको साझेदारीमा सुआहारा कार्यक्रम सञ्चालित २५ वटा जिल्लामा ग्रामीण नमुना कृषकको क्षमता अभिवृद्दि तालिमहरू सञ्चालन गरिरहेको छ । उक्त तालिम परियोजना अन्तर्गत गत मंसिर महिनादेखि यही वैशाख २० सम्ममा सञ्चालित क्रियाकलापहरू निम्नानुसार रहेका छन :

पौष २०७१ देखि २० वैशाख २०७२ सम्म सम्पन्न गरिएका क्रियाकलापहरू

- यस अवधिमा १० जिल्लामा सबै ७६ वटा तालिमहरू सम्पन्न भईसकेको छ । तालिममा ग्रामीण नमुना कृषक तथा ग्रामीण नमुना कृषकका परिवारका सदस्यहरूको सहभागिता रहेको थियो । यस अवधिमा तालिम सम्पन्न भइसकेका जिल्लाहरू: नुवाकोट, नवलपरासी, लमजुङ्ग, भोजपुर,स्याङ्जा, डोटी, डडेलधुरा, अछाम र बैतडी तालिम सञ्चालन हुन बाँकी जिल्ला : पर्वत
- यस अवधिमा ४ जिल्लामा सुआहारा कार्यक्रमका फिल्ड सुपरभाईजरको ग्रामीण समुदाय स्तरमा सञ्चालन गरिने तालिम सम्वन्धमा जिल्ला स्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो । जसमा फिल्ड सुपरभाइजर, कृषि प्राविधिक सहायक तथा अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो । जिल्ला स्तरीय अभिमुखीकरण सम्पन्न भइसकेका जिल्लाहरू : बैतडी, डडेलधुरा, डोटी र अछाम, तालिम सञ्चालन हुन बाँकी जिल्ला : पर्वत
- तालिमको लागि यस अवधिमा तालिम सञ्चालनको लागि विजय विकास स्रोत केन्द्रवाट १५ जना सहजकर्ताहरू परिचालित हुनुभएको छ ।




□□

राजनीति गल्ती र सत्य खोज्ने माध्यम होइन, केवल चर्चित हुने खेल हो । -रीचार्ड आर्मोर



Scanned with CamScanner

## नागरिकको सूचनाको हकमा पहुँचका लागि सार्वजनिक निकायमा जवाफदेहितामा अभिवृद्धि : 'सञ्चार' परियोजना



✍ सुनिता चौधरी

कार्यक्रम संयोजक "सञ्चार" परियोजना

विजय विकास स्रोत केन्द्रले Governance Facility को आर्थिक सहयोग र सूचनाको हकका लागि नागरिक अभियान नेपाल (CCRI Nepal) संगको साझेदारीमा मध्यमाञ्चलको चितवन सहित पश्चिमाञ्चल विकास क्षेत्रका विभिन्न जिल्लाहरुमा नागरिकको सूचनाको हकमा पहुँचको लागि सार्वजनिक निकायको जवाफदेहीता अभिवृद्धि (सञ्चार) परियोजना सञ्चालन गरिरहेको छ । उक्त परियोजना अन्तर्गत गत पौष महिना देखी यही वैशाखसम्ममा सञ्चालित क्रियाकलापहरु निम्नानुसार रहेका छन ।

गत पौष २०७१ देखी वैशाख मसान्त २०७२ सम्ममा सञ्चालन गरिएका मुख्य क्रियाकलापहरु:

- मिति २०७१ साल पौष ६ गते चितवन जिल्लाको भरतपुर स्थित जिल्ला गैर सरकारी संस्थाको सभाहलमा सीमान्तकृत तथा विशेष समूहहरुको लागि (फरक क्षमता र अपांगता भएका व्यक्तिहरुको) सूचनाको अधिकार सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न ।
- सूचनाका हकका लागि सहायता शिविर-२०७१ साल माघ १८ गते नवलपरासी जिल्लाको रजहर चोकमा, २३ गते अमरापुरी चोकमा, २५ गते गैडाकोटको कालिगण्डकी चोक र फाल्गुन ४ गते मुकुन्दपुरमा सम्पन्न ।
- साझेदार संस्थाहरुको वैठक एवम् अनुभव आदान प्रदान कार्यक्रम मिती २०७१ साल पौष १२ गते विजय विकास स्रोत केन्द्र, गैडाकोट, नवलपरासीमा सम्पन्न ।
- मिति २०७१ साल माघ १० गते नवलपरासी जिल्लाको गैंडाकोट स्थित विजय विकास स्रोत केन्द्रको सभाहलमा सूचनामैत्री नमूना नगरपालिकाका लागि सरोकारवालाहरुसँग अभिमुखीकरण एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न ।
- मिति २०७१ साल माघ २६ गते कपिलवस्तुमा, फागुन २९ गते बाग्लुङ्ग र चैत्र १ गते तनहुँ जिल्लामा बहुसरोकारवालाहरुसंग जिल्ला स्तरिय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।
- मिति २०७१ साल माघ २८ गते पाल्पा जिल्लाको पोखराथोकमा, २०७२ साल वैशाख २८ गते नवलपरासी जिल्लाको परासीमा सूचनाको हकका लागि जिल्ला स्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।
- सूचनाको अधिकार सम्बन्धी सञ्जालहरूको नियमित वैठक सञ्चालन भइरहेको छ ।

□□

## नवलपरासीमा साक्षरता कार्यक्रम



✍ हरि प्रसाद आचार्य

साक्षरता कार्यक्रम संयोजक

चितवन र नवलपरासी जिल्लामा विजय विकास स्रोत केन्द्र र रुम टु रिडको साझेदारीमा तथा जिल्ला शिक्षा कार्यालयको समन्वयमा सन् २००७ देखि साझेदारमा विद्यालय पुस्तकालय कार्यक्रम सञ्चालनमा रहेको छ । हालसम्म यी जिल्लामा जम्मा ४०५ (नवलपरासी ३०४ र चितवन १०१) विद्यालयमा पुस्तकालय स्थापना कार्य सम्पन्न भएको छ । सन् २०१५ मा जिल्ला शिक्षा कार्यालय नवलपरासीसँगको समन्वयमा जम्मा ९५ वटा विद्यालयमा साक्षरता कार्यक्रम सञ्चालनमा रहेको छ । विद्यार्थीले जति पढ्यो त्यो उसको सिकाइ उपलब्धिमा देखिनु आवश्यक हुन्छ । जसका लागि सरकारले निश्चित सिकाई उपलब्धि तय गरेको हुन्छ । लामा र कठिन अध्यायहरु पाठ्यपुस्तकमा राखिनु र सूचनाहरुको क्रमलाई मिलाएर नदिनु, समयमा पाठ्यपुस्तकको उपलब्ध नहुनु जस्ता कारणले समेत सरकारले निर्धारण गरेका पाठ्यक्रममा बालबालिकाहरुको विश्वास र चासोमा कमि आएको छ । यहि कुरालाई मध्यनजर राखेर पठन तथा लेखन शिक्षण कार्यक्रम सन्चालन गरिएको थियो । भने हालैमात्र गत चैत महिनामा २० वटा विद्यालयमा पठन तथा लेखन शिक्षण कार्यकमको हस्तान्तरण गरिएको छ ।

गत माघ महिना पछि गरिएका कार्यक्रम

- गत फाल्गुन महिनामा सन् २०१३ र २०१४ का ५० वटा विद्यालयमा अभिभावक भेला सम्पन्न भयो ।
- २० वटा पठन तथा लेखन निर्देशन कार्यक्रम मा भाषा शिक्षकहरुसँग कार्यक्रम कार्यान्वयन समीक्षा सम्पन्न भयो ।
- २० वटा पठन तथा लेखन निर्देशन कार्यक्रम संचालित विद्यालयका १ र २ कक्षाका विद्यार्थीको पठन स्तर मापन चैत्रमा सम्पन्न भयो ।
- साक्षरता कार्यक्रम अन्तरगत मासिक कर्मचारीहरुको बैठक विद्यालय स्तरमा ३ पटक सम्पन्न भयो ।
- प्रावि तहका १५ विद्यालयका शिक्षकहरुका लागि पुस्तकालय व्यवस्थापन पुनर्ताजगी तालिम सम्पन्न भयो । पुस्तकालयमा गरिने पढाई क्रियाकलाप सम्बन्धी पुनर्ताजगी तालिम गरिदै आइरहेको र यस तालिममा जेठ महिनामा ५० विद्यालयका ५ जनाका दरले सहभागी हुनेछन् ।



□□

# गरिबी निवारणका लागि एकीकृत विकास परियोजना



✍ पूर्णबहादुर विश्वकर्मा
कार्यक्रम संयोजक

**पृष्ठभूमि:**

गरिबी नेपालको तितो यथार्थ हो । कुल जनसंख्याको झण्डैं एक तिहाई जनसंख्या गरिबीको रेखामुनि रहेका छन् उनीहरू गास, बास, कपास, शिक्षा र स्वास्थ्य जस्ता आधारभूत आवश्यकताको सुविधाबाट वञ्चित भएको तथ्य कतैबाट छिपेको छैन । यसरी पछि परेको समुदायलाई लक्षित गरेर कार्यक्रम सञ्चालन गर्ने र सो प्रक्रियामा गरिब स्वयम्लाई गरिबी निवारण कार्यक्रममा पूर्ण रुपले सहभागी बनाउने उद्देश्य राखी उनीहरूको समग्र विकासमा टेवा पुऱ्याउन गरिबी निवारण कोष (PAF) नेपालको साझेदार संस्था विजय विकास स्रोत केन्द्र (VDRC-Nepal)को सहजीकरणमा नवलपरासी जिल्लाका ८ गाविस (हुप्सेकोट, राकाचुली, रकुवा, रुचाङ्ग, नरम, धुरकोट, मैनाघाट र कोल्हुवा) मा यो कार्यक्रम सञ्चालनमा रहेको छ ।

**कार्यक्रमको उद्देश्य :**

- गरिबलाई गरिबीबाट बाहिर निकाल्दै आय-आर्जनको दिगो माध्यम उपलब्ध गराउने ।
- गरिब, महिला, दलित, जनजाति र पिछडिएको वर्गको समावेशी विकास र सशक्तीकरण गर्ने ।
- नेपाल सरकारको दीर्घकालीन लक्ष्य अनुरूप गरिबी घटाउन सहयोग गर्ने ।

**लक्षितवर्ग :**

गरिब, महिला, दलित, जनजाति र सीमान्तकृत समुदाय ।

**आधार स्तम्भहरू :**

लक्षित समुदायको विकासका लागि कोषले समुदायकै मागमा आधारित निम्न कार्यक्रमहरू समावेश गरेको छ :

- सामाजिक परिचालन
- क्षमता अभिवृद्धि
- आय-आर्जन
- ग्रामीण तथा सामुदायिक पूर्वाधार विकास

**आधारभूत सिद्धान्तहरू :**

यस परियोजनाका आधारभूत सिद्धान्तहरू निम्न रहेका छन् :

- गरिब लक्षित :- आर्थिक हिसाबले अत्यन्त नाजुक अवस्थामा रहेका गरिब र पिछडिएका समुदायहरूको समृद्धिको खोजीगर्ने ।
- सामाजिक समावेशीकरण :- गरिब, महिला, दलित, जनजाति र पिछडिएको वर्गको समावेशी र सशक्तीकरण गर्ने ।
- मागमा आधारित कार्यक्रम :- समुदायको आवश्यकता र मागमा आधारित कार्यक्रमको तर्जुमा लक्षित समुदाय स्तरमा नै गरिने ।
- सिधै वित्तप्रवाह:- लक्षित समुदायले तयार गरेको मागमा आधारित कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन गर्न कोष र सामुदायिक संस्था बीच आपसी सम्झौता भएपछि सामुदायिक संस्थाको खातामा सिधै वित्तप्रवाह गरिने ।
- पारदर्शिता :- कार्यक्रम कार्यान्वयन प्रकृयाका हरेक चरणमा र वित्तीय कारोवारमा पारदर्शिता कायम गरिने ।
- सामुदायिक संस्थाको संस्थागत विकास :- सामुदायिक संस्थाहरूले सञ्चालन गर्दै आएका कार्यहरूलाई निरन्तरता दिई दिगो रूपमा सञ्चालन गर्न सक्ने गरी उनीहरूको संस्थागत विकास गर्ने ।

**परियोजनाको कार्यान्वयन प्रक्रिया :**

गरिबी निवारण कार्यक्रम जिल्लामा सञ्चालन गर्न कोषले छनौट गरेका गैर सरकारी संस्थातथा स्थानीय निकायमा सामाजिक परिचालन तथा अन्यक्रियाकलाप सञ्चालन गर्ने नीति रहेको छ । सोही अनुसार कार्यक्रम अगाडि बढाउने प्रक्रिया निम्नानुसार रहेको छ :

- गाविस अभिमुखीकरण
- वडा अभिमुखीकरण
- बस्ती छनौट
- लक्षितवर्गको घरधुरी पहिचान
- सामुदायिक संस्था गठन
- स्थानीय स्रोत साधनको पहिचान
- समुदायस्तरको योजनातर्जुमा
- माग सङ्कलन
- सामुदायिक संस्था गरिबी निवारण कोषमा दर्ता
- सामुदायिक संस्थाको उप-परियोजना तयार गरी गरिबीनिवारण कोषमा सम्झौता भएपश्चात् सम्बन्धित संस्थामा अनुदान उपलब्ध हुने ।

□□

**हार्दिक बधाई**

जिल्ला, क्षेत्रीय तथा राष्ट्रियस्तरमा आफ्नो सर्वोत्कृष्टता हासिल गर्दै देशकै नमूना तथा सर्वोत्कृष्ट बचत तथा ऋण सहकारी संस्था बन्न सफल विकू बचत तथा ऋण सहकारी संस्था लि. गैंडाकोटले एसियाली ऋण महासंघ (ACCU) को प्राविधिक सहयोग तथा नेपाल बचत तथा ऋण केन्द्रित सहकारी संस्था लि. (NEFSCUN) द्वारा सञ्चालित उत्कृष्ट सेवा तथा सुरक्षाका लागि सर्वोत्तम छनौट (ACCESS) कार्यक्रमअन्तर्गत अन्तर्राष्ट्रियस्तरको गुणस्तर चिन्ह (ब्राण्ड) प्राप्त गर्न सफल भएकोमा हार्दिक बधाई तथा संस्थाको गुणात्मक प्रगतिको कामना गर्दछौं ।

अध्यक्ष
**वसन्तराज लम्साल**
एवम् विजय विकास स्रोत केन्द्र परिवार



Scanned with CamScanner

## "धन्यवाद छ सूचनाको हकलाई"

✍ राम विकास चौधरी
सूचनाको हकका अभियानकर्ता

भैरहवा/जिल्ला मालपोत कार्यालय रुपन्देहीमा बिगत लामो समय देखि रोक्का गरी राखेको सिदार्थनगर नगरपालिका १३, रुपन्देही बस्ने मनोज कुमार लोहारको बाबुको नाममा रहेको एक कठ्ठा पाँच धुर जग्गा आन्तरिक राजश्व कार्यालयले फुकुवा गरेको छ । सूचनाको हक सम्बन्धी ऐन २०६४ प्रयोग गरी सूचना मागे पछि उनको सो जग्गा फुकुवा गरिएको हो ।

आन्तरिक राजश्व कार्यालयको च.न. २६५/०५/१६ को पत्र अनुसार निवेदक मनोज कुमार लोहारका बाबु स्व.प्रदेशी लोहारको नाममा भुजौली गाबिस वडा नं. ७ मा रहेको कि.नं. ३९८ को सो जग्गा वर्षौंदेखि जिल्ला मालपोत कार्यालय, रुपन्देहीमा रोक्का रहेको थियो । के कति कारणले उनको बाबु प्रदेशीको नाममा रहेको सो जग्गा जिल्ला मालपोत कार्यालयमा रोक्का रहेको हो, उनलाई थाहा थिएन । उनी जग्गा रोक्का बारे सोध्न कहिले मालपोत कार्यालय त कहिले आन्तरिक राजश्व कार्यालय धाउदा समेत थाहा पाउन सकेका थिएनन् ।

मानव अकिार संरक्षण प्रवर्धन समिति रुपन्देहीका अध्यक्ष एवम् सूचनाको हकको अभियानकर्ता राम विकास चौधरीलाई २०७१ पुष १५ गते भैरहवा स्थित एक चिया पसलमा भेटेपछि उनले सूचनाको हकबारे थाहा पाए । उनी मिति २०७१ पुष १६ गते आन्तरिक राजश्व कार्यालयमा रोक्काको कारण बारे सूचना मागको निवेदन दर्ता गराए । शुरु शुरुमा आन्तरिक राजश्व कार्यालयले निवेदन दर्ता गर्न मानेको थिएनन् । पछि सूचनाको हकका अभियानकर्ताले कार्यालय प्रमुखलाई सूचनाको हक ऐन बारे बुझाएपछि उनको सो निवेदन दर्ता गरिएको थियो । निवेदन दर्ता गरी खोजतलास गर्दा उनको सो जग्गा रोक्का गरिराख्नु पर्ने कुनै कारण नभेटेपछि आन्तरिक राजश्व कार्यालय भैरहवाले मिति २०७१ पुष २५ गते जिल्ला मालपोत कार्यालयको नाममा पत्र पठाएर जग्गा फुकुवा भएको हो ।

मनोज कुमार भन्छन् : "सूचनाको हक ऐन कानुनले मलाई न्याय दिलायो । यो ऐन मेरै लागि बनाइए जस्तो लाग्यो मलाई । मैले बाबु स्वर्गबास भएपछि उनको नाममा रहेको सो जग्गा के कति कारणले रोक्का गरिएको हो बुझ्न धेरै प्रयास गरेका थिए । धेरैलाई गुहारे पनि, हजारौ रुपैयाँ खर्च समेत गरे, तर बुझ्न् सकेको थिएन् । अन्तमा सूचनाको हकबारे थाहा पाएपछि मेरो काम फत्ते भयो ।" "आखिर कुनै कारण नहुँदा नहुँदै पनि आन्तरिक राजश्व कार्यालयले मेरो जग्गा रोक्का गरी राखेको थियो, मलाई अन्यायमा पारेको थियो । आज सूचनाको हकको प्रयोगले मेरो जग्गा फुकुवा भयो, सायद सूचनाको हक प्रयोग नगरेको भए म त्यो जग्गा प्राप्त गर्न सक्दिनथे, धन्यवाद छ सूचनाको हकलाई, उनले थपे ।"

□□

## नमुना कृषक बन्ने अभियानमा सरस्वती लामा : जागिर भन्दा कृषि नै प्यारो

✍ कृष्णचन्द्र भट्टराई
सहजकर्ता-विजय विकास स्रोत केन्द्र

सिन्धुपाल्चोक ठूलो पाखर–८, की सरस्वती लामालाई हिजोआज भ्याई नभ्याई छ । विहानदेखि बेलुकासम्म आफ्नै करेशावारी र घरधन्दामा उनी व्यस्त छिन् । आफ्नै आँगनमा सुन फलाउन उनी कम्मर कसेर लागेकी छिन् । घरायसी खाद्यान्न उत्पादन गरी कुपोषण हटाउन लागेकी उनीले सुआहाराले दिएको कुखुरा पालेकी मात्र होइनन् विऊ विजन समेत उत्पादन गर्न थालेकी छिन् ।

करेसा वारीमा तरकारी लगाएर चारैतिर हरियाली छ । विभिन्न समयमा कृषक तालिम समेत दिएपछि दैनिकी अझै व्यवस्थीत हुदै कृषिमा लागेकी लामालाई माईतीवाट स्वयम् सेविका आमाले समेत हौस्याउनु भएको बताउँछिन् । सुआहारा मार्फत टुकी संघले दिएका कुखुरा पालेर घरमा बच्चालाई अण्डा पुऱ्याएकी छिन् । त्यसो त घरपरिवारका सदस्यहरूलाई समेत अण्डा खुवाएर चल्ला समेत उत्पादनमा राम्रै प्रगति गरेकी छिन् ।

घरायसी खर्चका अलवा उत्पादनमा बढवा दिदैं बिक्री वितरणवाट पनि आम्दानी राम्रै छ । बच्चावच्चीको भविष्य तत्काल स्वास्थ्य उपचारमा पनि पैसा चाहिने भएकोले अर्काको मुख ताक्ने बानी हटाउन सवै महिला कृषक लाग्नु पर्ने सुझाव समेत दिने गर्छिन् हिजो आज सरस्वती । हरिया पहेँला फलफुल तथा ताजा तरकारी आमा समूह ठूलो पाखरको कोषाध्यक्ष भएपनि कोषाध्यक्षको कामको अलावा संस्थामा सचिवलाई माइनेट लेख्न सहयोग गर्ने गर्छिन् । सिन्धुपाल्चोक जिल्लामै नमुना ग्रामीण कृषक बन्ने सपना पालेर ग्रामीण नमुना वगैँचा राम्रो वनाउने रहर मात्रै हैन, चाहनालाई मूर्तरुप दिन सरस्वती लागि परेकी छिन् ।

श्रीमान् छोरा र श्रीमती गरी ३ जनाको परिवारमा सरस्वतीको नमुना ग्रामीण कृषक बन्ने सपनामा उनको श्रीमान्‌को पनि हात छ । गाविस सहायक भएर कामगर्ने सरस्वतीको श्रीमान्‌ले अहिले घरमा आफूलाई निकै सघाएको बताउँछिन् । श्रीमान् श्रीमती मिलेर काम गर्ने गरेको अनुभव सुनाउछिन् । +२ पास गरेकी लामा पढाइको महत्त्व अझै बुझ्दैछिन् । आफूलाई श्रीमान्‌ले खाना पकाउन, घाँसपात गर्न, करेसावारीमा समेत र बँगुर पालनमा सहयोग गर्नु हुन्छ भन्दै प्रशंसा गर्छिन् ।

गएको दशैमा ४ वटा बँगुर बेचेकी सरस्वती लामालाई बँगुर पालनमा पनि रुचि छ । कुखुरा पालन, बाखा पालनमा पनि कम रुचिको विषय लाग्दैन उनीलाई । आफू मेलापात जाँदा श्रीमान्‌ले बच्चा हेरिदिने गरेकोले पनि सजिलो भएको लामाको भनाइ छ ।



Scanned with CamScanner

कुपोषण हटाउन गाउँ घरमा जनचेतनाको कुरा गर्दै उनलाई फुर्सद छैन । सबै सुनौला हजार दिनका आमा र बच्चाको अवस्था बुझ्दै गाउँ घरमा हरेकबार खाना चारको कुरापनि उनी सिकाउँछिन् । "खाली दिमाग सैतानको घर हो" भन्दै फुर्सदिलो भन्दा व्यस्त जीवन आनन्द हुन्छ भन्ने सरस्वती ताजा खाएर स्वस्थ्य रहन सवैलाई आग्रह गर्छिन् । आफूनै ग्रामीण नमुना बगैंचामा बाह्रैमास हरिया तरकारी फलाउदै मेहेनत र परिश्रम गऱ्यो भने आफू स्वस्थ्य रहनुका साथै पारिवारिक मेल पनि बन्ने उनको अनुभव छ ।

सरस्वती लामा सिन्धुपाल्चोककी एक किसान प्रतिनीधि पात्र मात्र हुन् । उनी जस्ता धेरै दिदीवहिनीहरू अहिले ग्रामीण नमुना कृषक तालिम लिएपछि झन् हौसिएका छन् । विजय विकास स्रोत केन्द्रले दिएको सो तालिमपश्चात् धेरै कृषकको दैनिकी व्यवस्थापन राम्रो भएको प्रतिक्रियाहरू पनि आएका छन् । +२ पास गरेर जागिर खाँदै गरेकी सरस्वती लामाले फाइनान्समा समेत मार्केटिङ्गको काम गरिन् । बोर्डिङ् स्कूलमा पढाइन् तर उनको चित्त नबुझेपछि जागिर छाडेर साच्चिकै कृषक भइन् । अहिले उनलाई जागिर भन्दा कृषि नै प्यारो छ ।

□□

## पढाइ लेखाइ निर्देशन कार्यक्रम र विद्यालयमा त्यसको प्रभाव

✍ भविश्वर पाण्डे
**प्र.अ., सार्वजनिक निमावि**

विद्यालय शिक्षामा बालबालिकाहरूलाई नेपाली भाषा शिक्षण गराउनु अत्यन्त कठिन कार्य हो । त्यसमा पनि हाम्रो जस्तो विभिन्न घरायसी परिस्थितिबाट आएका बालबालिकाहरूलाई एकै ठाउँमा राखी उनीहरूलाई पढाई क्षमतामा पूर्ण विकास गराउनु (सिकाउनु) ठूलो चुनौतीको विषय हो । साधारण तया हाम्रा विद्यालयहरूमा प्राय कण्ठ गरेर पढ्ने प्रोत्साहन गरिने र विभिन्न सजाय दिने परिपाटी रही आएको थियो । यसै क्रममा २०६७/०६८ मा रुम टु रिड तथा विजय विकास स्रोत केन्द्रको साझेदारीमा पुस्तकालय यस विद्यालयलाई प्राप्त भयो । त्यस पुस्तकालयमा राम्रा-राम्रा कथा, कविता लगाएतका विभिन्न प्रकारका पुस्तकहरू पनि प्राप्त भए । ती पुस्तकहरूले पछि बालबालिकामा पढ्ने बानीको विकास हुनुका साथै पुस्तकालयबाट पुस्तक घरमा लाने र विद्यालयमा फिर्ता ल्याउने बानीको विकास हुनुका साथै विभिन्न अतिरिक्त क्रियाकलापमा भागलिने बानीको विकास भयो । बालबालिकामा पुस्तकको जतन गर्ने बानीको विकास, पुस्तकालय अपनत्वको विकास हुन पुग्यो भने त्यस पुस्तकालयमा भएका पुस्तकहरूलाई साना कक्षामा पढ्ने बाबुनानीहरूलाई पनि पढ्ने सक्ने र सिक्न सक्ने बनाउन सन २०१० बाट पुस्तकालय कार्यकम र सन २०११ बाट पठन सीप विकास कार्यक्रम सुरु भयो । जसका कारण कक्षा १ र २ को कक्षा व्यवस्थापन (भुइ कार्पेटिङ्ग), कक्षाकोठा भित्र पर्याप्त सिकाई सामग्रीहरूकास साथै खेल्दै सिक्दै गर्ने अवसर पाएका छन् । अर्कोतर्फ नेपाली भाषा शिक्षण गर्ने दुईजना शिक्षिकालाई एयष्लत शिक्षक तोकि बालमैत्री शिक्ष क्रियाकलाप गराउन बार्षिक रुपमा दुई पटक तालिमको व्यवस्था विजय विकास स्रोत केन्द्रबाट गरिएको र त्यस कार्यमा सहयोग गर्न महिनामा २/३ दिन विजय विकास स्रोत केन्द्रबाट सहयोगी शिक्षिकाहरूबाट कक्षा १-२ लाई थप सहयोग पुऱ्याउन मनिटरिङ्ग गर्ने मूल्यांकन गर्ने गरिन्छ ।

**समग्रमा विद्यालयमा अध्ययन गर्ने बालबालिकाले निम्न लिखित सुधार प्राप्त गर्न सफल भएका छन् :**

- क्षमता र रुचि अनुसार सिक्ने वातावरण ।
- सम्पूर्ण बालबालिकालाई फराकिलो परिस्थितिमा बुझ्ने प्रयास ।
- गुणस्तरीय सिकाइ उपलब्धिको अवसर ।
- भैतिक र शैक्षिक सामग्री बालबालिकाको पहुँच र प्रयोग योग्य रहेको ।
- निरन्तर विद्यार्थी मूल्यांकन भएको ।
- विद्यालय र समुदाय बीच निरन्तर सम्बन्ध सुमधुर रहेको ।
- स्वास्थ्य र सरसफाइमा ख्याल गरिएको छ ।

यसरी साधारणतया कक्षामा भाषा शिक्षण गर्दा शिक्षकहरू ४५ मिनेट को समय बिताउन अप्ठ्यारो भइरहेको अवस्थामा हाल ९० मिनेटको समयपनि शिक्षण क्रियाकलापमा कमी भएको शिक्षकहरूको अनुभव छ ।

अन्त्यमा विद्यालयको शैक्षिक स्तर उन्नति गर्ने पहिलो खुड्किलाको रुपमा पठन सीप कार्यक्रम रहेको हुँदा यस कार्यक्रम अधिराज्यभरका सम्पूर्ण सामुदायिक विद्यालयहरूमा लागु गर्ने वातावरण नेपाल सरकार शिक्षा मन्त्रालयले अनिवार्य रुपमा अगाडि बडायोस भन्ने शुभकामना छ ।

□□

### यात्रा संस्मरण

## सुदूरपश्चिम यात्रामा केही सम्झनाका क्षणहरू



✍ छविलाल न्यौपाने

विजय विकास स्रोत केन्द्रको आयोजनामा युसएआईडीको सहयोग रहेको सुआहारा परियोजना अन्तर्गतको ग्रामिण नमुना कृषकहरूको क्षमता अभिवृद्धि सम्बन्धी तालिम सञ्चालनका क्रममा विगतका केही महिनाहरू मैले नेपालको सुदूरपश्चिमका बाजुरा र बभाङ्ग जस्ता जिल्लाहरूमा विताउने अवसर पाएको थिए । त्यहाँ कार्यक्षेत्रमा जादाका अनुभवहरूलाई यस यात्रा स्मरणमा समावेश गरेको छु । ती यात्राहरूका केही दुःखद र केही सुखद क्षण अहिले पनि मेरा मन-मष्तिष्कमा रमाएर आउछन् । कुनै क्षणमा जिन्दगीको अन्तिम स्थलमा पुगेर दोस्रो जिन्दगीको अनुभव सङ्गाले जस्तो आभास हुन्थ्यो, त कुनै क्षणमा नयाँ-नयाँ सिकाइ र सिर्जनात्मक ज्ञानको अनुभव हुन्थ्यो । तर २०७१ सालको सुदूरपश्चिमको यात्राले त्यो

भन्दा पनि फरक अनुभव गराएको छ । यस वेला मेरा ति करिब सँढि दुईदशकका सामाजिक अभियानमा समर्पित यात्राहरूका अनुभवहरू गौण रहे । आफूले कल्पना नै नगरेका, सोच्दैनसोचेका अनुभवहरू सङ्गाल्न पुगें । त्यो अनुभव सङ्गाल्ने मौका विजय विकास स्रोत केन्द्रले दियो । मलाई यस अवसर प्राप्त गराइदिनु भएकोमा संस्था र संस्थामा आबद्ध आदरणीय व्यक्तित्वहरूलाई अभिवादन टक्र्याउन चाहन्छु ।

स्थानीय स्तरमा तालिम सञ्चालन गर्ने काम मेरा लागि नयाँ थिएन । वैशाख २७ गतेको दिन सुदूरपश्चिम विकास क्षेत्रको दार्चुला जान तोकएको दिन थियो । विहानै विजय विकास स्रोत केन्द्रमा भेला भएर करिब ७ बजेतिर योगराज ढुङ्गानाजी सहित रेखा पौडेल, विष्णु दिदी र म गरी चार जना यात्रामा निस्कियौं । लामो यात्रा थियो । धेरै जिल्लाको यात्रा गरे तापनि दार्चुला जिल्लामा नपुगेको व्यक्ति म । एक नयाँ जिल्लाको अनुभव थपिने भयो भन्नेमा कताकता उत्साहित थिएँ । यति लामो यात्रा कसरी पार लाग्ला भन्ने पनि कता-कता थियो । यात्राका दौरानमा यसो हेर्दा धेरै भावुक र गम्भीर देखिने योगराजजी साच्चै त्यसो हुनुहुँदो रहेनछ । वहाँ त धेरै टुक्का, कथा प्रस्तुत गर्न र यात्रा अवधिलाई सहज वनाउनका लागि साह्रै रमाईलो व्यक्तित्व हुनुहुँदो रहेछ । रेखाजीले आफ्ना जीवनका अनुभवहरू सुनाउनु हुन्थ्यो । अनि धेरै अनुभवी विष्णु दिदी साच्चै एक कुशल अभिभावकत्व दिन सक्ने अभिभावकको रूपमा मैले पाएको थिए । यस्ता विविधतापूर्ण व्यक्तित्वको बिचमा यात्रा गर्न पाएकोमा म आफै धन्य थिएँ । दार्चुलाको खलङ्गा पुगेको भोलिपल्टबाट तिन दिनसम्म जिल्लामा कार्यशाला गोष्ठी थियो । उक्त गोष्ठीकै क्रममा अर्का सहकर्मी विजय उपाध्याय र अर्जुन वन पनि आउनुभयो । गोष्ठीमा सबै सहजकर्ताले सेसन बाँडेर लिने चाँजोपाँजो मिलाएका कारण हामी आफ्नो सेसनको तयारीमा थियौ ।

हामी सहजकर्ताहरूमा पनि धेरै विविधता थियो । आफैमा सक्षम ठान्ने सहजकर्ता देखि बाबुआमाले जस्तै अभिभाकत्व दिनसक्ने सहजकर्ता समेत हाम्रो टोलीमा हुनुहुन्थ्यो । धेरै हिंड्नु पर्ने ठाउँमा हामी जान तयार भयौं । हामी दुवैले दुवैको आनीबानी जानेको हुदाँ जस्तो सुकै अप्ठेरो ठाउँमा पनि जान सक्छौ भन्ने हिम्मत मसँग भयो । हामीलाई पाँचवटा तालिमको जिम्मेवारी दिइयो । दार्चुलाका मार्मा, लेकम र दुहु क्षेत्र मध्ये मार्मा र लेकम क्षेत्रमा हाम्रो यात्रा थियो । जसमा माथि चिनसँग जोडिएको खण्डेश्वरी, घुषा गाविसदेखि तल भारतसँग जोडिएको महाकाली नदीको किनार लाली गाविससम्मको यात्रा गर्न पाउने अवसर थियो । त्यस ठाउँमा जानुभन्दा अगाडि हामीलाई खण्डेश्वरी, घुषामा वसोवास गर्ने समुदायका विषयमा धेरै नकारात्मक कुरा सुनाएका थिए । त्यसैले पनि ती समुदायलाई किन नकारात्मक सोचेका होलान् भन्ने जिज्ञासाले हामीलाई त्यो ठाउँमा कतिखेर पुगौंला जस्तो लागिरहेको थियो । सुनाउनेले समुदायको नकारात्मक कुरा जतिसुनाए पनि त्यस्तो नकारात्मक कुरा केही पाएनौं, उल्टो सहयोग पायौं । हामीले त त्यहाँका मानिसहरु झन् सहयोगी र अत्यन्तै सकारात्मक पायौं ।

यार्सा टिप्न जाने समय भएकोले त्यसका धेरै राम्रा पक्षहरूको अध्ययन गर्न पाउने अवसर हामीलाई मिल्यो । खण्डेश्वरी गाविसका एक असल व्यक्तित्व डम्बर बोहरा र त्यहाँको समुदायले हामी मामा-भान्जालाई गरेको सहयोग हाम्रो लागि अविष्मरणीय नै रह्यो । जेष्ठको ५ गतेबाट खण्डेश्वरीमा तालिम सञ्चालन गर्नुपर्ने थियो । आयोजक संस्थाले जेष्ठ २ गते वेलुका सुपरभाइजर राजमति लोथ्याललाई हामीसँगसँगै जानका लागि सम्पर्कमा ल्यायौं । हामी जेष्ठको ३ गते विहान खलङ्गाबाट हिड्यौ, दिउँसो गोकुलेश्वर आइपुग्यौं । त्यहाँ राजमति र उनका साथीहरू निरु लोथ्याल, कान्छी लोथ्याल पनि सँगै थिए, हाम्रो यात्रा शुरु भयो । हामी विटुले, लटिनाथ हुदै धरमघर भन्ने ठाउमा गएर बास बस्यौं । राजमती हामीसँगसँगै त थिइन तर केही बोल्यिनन् । मैले जे सोध्यो त्यो मात्रै उत्तर दिन्यिन् । जब धरमघरमा पुग्यौ, त्यहाँ राजमतिका भिनाजु डम्बर बोहरा भेट भए । उनी खण्डेश्वरीका स्थायी बासिन्दा थिए । अब तपाई हामीसँग खुलेर नबोलेपनि तपाईको भिनाजु भेट हुनुभयो बैनी । अब हामीलाई चिन्ता छैन भनेर जिस्क्यायौं पनि । त्यसपछि त राजमती पनि हामीसँग खुलेर बोल्न थालिन् ।

भोलिपल्ट बिहानै ६ बजे धरमघरबाट खण्डेश्वरीको यात्रालाई निरन्तर दियौं । राजमति र उनका भिनाजु अनि २ जना उनका साथीसँगै हामी यात्रा साह्रै रमाईलो गरी जदै थियौं । यात्राका क्रममा निरुको भाउजु बारीमा घाँस काट्न जाँदा १२ घण्टा अगाडि भिरबाट खसेर मृत्यु भएको घटनाको खबर र त्यहीदिन यार्सा टिप्न गएका मध्येका एक किशोरी गोरेटोबाट चिप्लिएर देख्नै नसकिने सयौंमिटर तल खोलामा खसेको समाचार हाम्रा लागि विर्सनै नसकिने पीडाका क्षण भए । कताहो कता, आकाश छुने रुखहरू र तल कति हो कति गहिरो खोल्सो, त्यससँगै भएको रुखको टुप्पोमा चढेर तरुनी, अधवैसे र वृद्ध महिलाहरू "चौलानीका छालै छाल, टुटन लाग्यो मया जाल" भनेर देउडा गाएको सुन्दा र त्यो दृष्य हेर्दा मेरो जीउ सिरिङ्ग भएर आउँथ्यो । त्यहाँबाट खसेपछि त धेरै तल चौलानीको किनारमा पछारिन्थ्यो, अनि किन टुट्दैनथ्यो त मायाजाल । कताकता उनीहरूको मनभित्रबाट गाएको गितमा पनि उनीहरूको जीवनमरणको साइनो गासिएको छ जस्तो लागदथ्यो । यस्ता दृष्यले सुदूरपश्चिममा जीविकोपार्जनको पेशाहरू कति जोखिम रहेछन् भन्ने संकेत प्रष्ट्याएको थियो । गोरेटोमा हिँडिरहँदा माथिबाट निरन्तर खसिरहने ढुङ्गाहरूले ज्यानै लिन तम्सिन्थे । त्यति हुदाँहुदै पनि त्यहाँको प्राकृतिक मनोरम दृष्यले हाम्रो मन हर्षितनै तुल्याएको थियो ।

विकासका दृष्टिले कताकता परनिर्भर भाव झल्किन्थ्यो भने धेरै जसो व्यक्तित्वहरूको मुखमा दार्चुलावासीलाई सरकारी सुविधा भन्दा पनि अनुकुल कानुनी व्यवस्था भइदिए एकदशकमा काठमाण्डौको विकाससँग प्रतिस्पर्धा गर्न सक्नेकुरा दर्शाउँथे । हुनपनि साच्चै जस्तो लाग्यो । दार्चुलाका ति ढुङ्गा खानीबाट सलक्क परेका ढुङ्गाहरू निकालेर यदी निकासी गर्न पाउने अनुकूल कानुनी व्यवस्था हुने हो त, ठूलो सम्पत्ती त्यहीं रहेछ । जुन ढुङ्गाहरू अवैध रूपमा भारत र चिनतर्फ जादाँ रहेछन् । त्यहाँ उत्पादन गरिएका आलु दुई रुपैया किलो पनि नबिकेर कुहिएर जाने अवस्थामा छन् । जुन त्यहाँबाट एकदिन हिडेर पुगिने बजारमा जेष्ठ महिनामा ३५ रुपैया किलो आलु किनेरखान बाध्य छन् । तर त्यही आलु भारी बोकाएर बजारमा लादाखेरी प्रतिकिलो ४० रुपैया भरियालाई ज्याला दिनुपर्छ । अन्य उत्पादित खाद्यान्नहरूको अवस्था पनि त्यस्तै रहेछ ।

यार्सा टिप्ने समयमा धेरै खाद्यान्नको खपत हुँदोरहेछ । खण्डेश्वरीमा जेष्ठको ८ गते तालिमको चौथो दिन थियो । रेडियोबाट खण्डेश्वरी र घुषा गाविसमा खाद्यान्नको चरम अभाव भनेर समचार आयो, हामी चकित

भयौं । घरघरमा मकैका सुली छन्, भर्खरै थन्क्याएका गहुँको रास घरको आँगनमा छ, हरेकको घरमा कोदोको भकारी छ, भर्खरै ठटाएको फापर प्रत्येक घरका आँगनमा थुप्रो/थुप्रो देखिन्थ्यो तर कसरी खाद्यान्नको अभाव भयो ? त्यहाँ त खाद्यान्न भनेको चामल रहेछ । अरु त अन्न मात्रै रहेछन् । भारतबाट ल्याइएका वा खाद्य डिपोको गुणस्तरहीन चामल नै त्यहाँ मुख्य खाद्यान्न मान्दै आएको देखियो । त्यस्तो गुणस्तरहिन चामल खानुभन्दा आफ्नै बारीमा प्राङ्गारिक रूपमा उत्पादन गरिएका खाद्यान्नहरूको प्रयोग ल्याउनका लागि आवश्यक देख्यौं हामीले । अर्को कुरा असुरक्षित गर्भपतन वा सुत्केरी गराउन बाध्य, कामको बोझ अनुसारको सन्तुलित आहार नहुँनु, धामीझाँक्री जस्ता रुढीवादीपरम्परा अझपनि कायमै, अनावश्यक रूपमा पनि दैवीक शक्तिको बार लगाई काममा रोक लगाउने एवम् महिला हिंसाका धेरै घटनाहरूले दार्चुलालाई पछाडि पारेको हामीलाई लाग्यो ।

दार्चुलाका विभिन्न क्षेत्रमा तालिम सहजीकरण गर्न पाउने अवसरमा स्थानीय संस्था र फिल्ड सुपरभाइजरहरूको सहयोग अत्यन्तै सकारात्मक रह्यो । दार्चुलाका त्यतिधेरै स्थानहरूमा यात्रा गर्न पाउँदा हामी आफैमा मनमनै उत्साहित थियौं । योजनानुसार असार २ गते दार्चुलामा तालिम सम्पन्न गरी हामी बझाङ जिल्लाको लागि यात्रा शुरु गर्‍यौं । बझाङ जिल्लामा पनि धेरै हिड्नु पर्ने ठाउँमा हामीलाई नै जिम्मेवारी दिइयो । धेरै हिड्नु पर्ने ठाउँहरूसँग हामीलाई कुनै अप्ठेरो थिएन तर सदरमुकाम नजिकका तालिमहरूमा बसेर खाने बस्नेको असुविधाको बयान गर्ने साथीहरूप्रति हाँसो पक्कै उठेको थियो ।

बझाङमा करिब १ महिनासम्म तालिमहरू सञ्चालन गर्नु पर्ने थियो । सुनिकोट, धमेना, रिलु, मेलविसौना, दातोला, काँडा, दैलीचौर, सुर्मा, सुनकुडा हुँदै देउलेखमा सम्पन्न हुने तालिका थियो । तालिम स्थानहरूमा जाने बाटोको रुट मिलाउन नसक्दा हामीलाई थोरै असहज चाहिँ भएकै हो । तैपनि हाम्रो यात्रा निरन्तर अगाडि बढिरह्यो । हामी अत्यन्तै भाग्यमानी किनकि विगत दुईवर्ष अगाडि झाडापखालाले धेरैको ज्यान लिएको ठाउँमा पुग्न पाएका थियौ । जहाँ हैजा नियन्त्रणका लागि सरकारले हेलिकप्टर द्वारा उद्दार गर्नु परेको ठाउँ रिलु गाविस थियो । त्यस गाविसका युवापिढीको जाँड-रक्सी जस्ता लागूपदार्थको सेवन र अत्यन्तै महिला हिंसा हुने ठाउँको अवलोकन गर्दाको नराम्रो क्षण अहिले सम्मपनि सम्झना आउँछ ।

मेलविसौनामा तालिम सञ्चालनकै समयमा सहभागिको वैनी पारु भण्डारी घाँस काट्न जाँदा भिरबाट खसेर मृत्यु भएको कारणले दुखित बनायो । मेलविसौनामा तालिम सकेपछि हामी सहभागी बसन्ती जेठाराको घरमा बास बस्यौ । पाहुनालाई गरिने सकारात्मक सत्कार हामीले त्यहाँ अनुभव गर्‍यौ । भोलिपल्ट काँडा तिर प्रस्थान गर्‍यौं । सदरमुकामबाट अत्यन्तै टाढा, जहाँ त्यही जिल्लामा बसोवास गर्ने मानिसहरू मध्येपनि अधिकांश मानिसहरू नगएको ठाउँ थियो काँडा । त्यहाँ जाँदा आउँदाको कष्टकर यात्रा, रसियाको लेकमा लेक लाग्दाको क्षण, लिस्ने खोलामा रातभर बासवस्दाको मामा-भान्जाको त्रासद क्षण, विषालु सर्पको विगविगी र फर्किदामा पनाल्ता भन्ने ठाउँमा अर्जुन भिरबाट लडेर हिड्न नसक्दाको क्षण अविस्मरणीय नै रह्यो । अझ स्मरणीय त साथी अर्जुन भिरबाट लडेर उद्धार गरिसकेपछि मैले खच्चडमा चैनपुर ल्याउन गरेको कोशिस र अर्जुन खच्चडमा चढेर आउन नमान्दाको क्षण छ । खच्चडमा चढाउनु भनेको नराम्रो काम गर्नेलाई सजाय दिनु रहेछ तर मलाई त्यो थाहा थिएन । अर्जुन खच्चडमा यात्रा गर्न नमानेपछि डोकोमा बोकाएर ल्याएको क्षण त्यतिबेला दु:खद रहेपनि अहिले आएर नयाँ अनुभव भएको छ ।

काँडामा तालिम सञ्चालन गर्दै रहेको अवधिमा सहभागी रुपकला वि.क.ले छोरी पाएर दु:खित भएको दृश्य कहालीलाग्दो थियो । श्रीमान् लेकमा यार्सा टिप्न गएका, एक छोरा र ६ वटा छोरी पाइसकेकी उनले श्रीमान्को करकापले पुन: छोरो पाउने आस गरेकी थिइन् तर छोरी पाइन् । विहान ४ वजे जन्माएकी छोरीलाई दिउँसो २ बजेसम्म पनि आमाले दूध चुसाएकी थिइनन् । कारण आफुले जन्माएको बच्चालाई दूध खुवाउने कि नखुवाउने भन्ने अधिकार मात्रै श्रीमान्मा रहेको हृदयविदारक तथ्यले महिलाहरूको प्रजनन अधिकार कतिसम्म रहेछ भन्ने छर्लङ्ग हुन्थ्यो । छोरी मात्रै होइन, पुरै महिलाहरूको कुनै स्थान नै नभएको आभास हुन्थ्यो । अझ छोरो नपाएको महिला त पालिएका पशु जत्तिको पनि नमानिने व्यवहारले महिलाप्रति हेरीने दृष्टिकोण प्रस्ट थियो ।

वर्षाको समय अत्यन्त बाढी आएको वेला दौलिचौरबाट फर्कदा बारिलछडा छहराबाट म आफै तल खस्दा ढुङ्गा समात्न भ्याएर बचेको क्षणहरू सायदै मानिसले पाउँछन् । छहरामा खस्दा साथी अर्जुन चिच्याएको र आँखाभरि आँशु लिएर मलाई तानेको दृष्यले साच्चै सहकर्मी बीचको गहिरो माया देखाएको थियो । त्यो सम्झिदाँ अहिलेपनि शरीर जिरिङ्ग हुन्छ तर बचेकोमा रमाइलो पनि लाग्छ । यस्ता अरबौ खर्च गर्दापनि नपाउने ती अनुभवहरू हामीले पाएका थियौ । ती सम्पूर्ण अमूल्यक्षणहरू विताएर योजनानुसारको तालिम सञ्चालन गर्न देउलेख आयौं । हामी ती यात्रामय याद सहितका अप्ठेरापनको अनूभुतिलाई सजिलैसँग एकै छिनमा फ्याँकी रमाईलो क्षण सिर्जना गर्नमा सहयोग पुर्‍याउने साथीहरू प्रति आभार प्रकट गर्दछौ ।

वास्तवमा दार्चुला र वझाङ्गमा यदी सरकारको अनुकुल कानुनी व्यवस्था हुँदोहोत, ती जिल्लाहरू विकट रहेनछन् । त्यहाँ त प्राकृतिक स्रोतले धनी जिल्ला राज्यको प्रतिकूल नीतिका कारण पछाडि पारिएको रहेछ । राज्यले आँखा चिम्लिदाँ पनि विकासका लागि त्यति सकारात्मक समुदायको सोच नै एक उदाहरणीय बनेको देखियो । त्यो मनोरम दृस्य, त्यति धेरै विकासको सम्भावना बोकेको ठाउँ साच्चै रहेछ । अझ त्यहाँ उत्पादित लघु जल विद्युत् आयोजनामा सरकारले रिर्जभ सिस्टमको व्यवस्था मिलाउन सक्यो भने सुदुरपश्चिम क्षेत्रमै लोडसेडिङमुक्त ठाउँको रूपमा परिचित हुनपुग्ने रहेछ । तर सरकारका आँखा सकारात्मक नभएको गुनासो त्याहाँका वासिन्दाले गरेको देख्दा आँखामा आँसु रसाउने सिवाय केही नहुँने महसुस गर्‍यौं ।

आखिर हामीलाई गर्मी र वर्षाको समयमा जति कष्टकर यात्रा भए तापनि जिन्दगीमा आफै आफ्नो सोचमा त्यो यात्रा गर्ने पक्कै थिएनौं । सुदुरपश्चिम यात्राका नयाँ सिकाइ, नयाँ अनुभव र अत्यन्त विषम परिस्थितिमय बाँच्न बाध्य समुदायको सकारात्मक सोच एवम् विश्वास जहाँतहीँ गएर अनुभव गर्न नपाइन सक्छ जुन हामीले प्रत्यक्ष अनुभव गर्न पायौं । अहिलेसम्मको साढे चार दशक उमेरको अविस्मरणीय यात्रा भएको छ सुदुरपश्चिम ।

□□

जुन आमाले तिमीलाई जन्म दिइन् ती आमको मन कहिल्यै नदुखाऊ ।
-वेद व्यास

# पोषण गीत

हरेकवार खाना चारखाने गर्नुपर्छ
हामी स्वस्थ्य भयौ भने सबलाई राम्रो गर्छ ।
यसो गर्दा कुपोषित हुँदैन
रोग व्याधीले हजुर कहिल्यै छुँदैन ॥

ताजा तरकारी अनि फलफुल खानू
खाईओरी बाँकी बचे बजारमा लानू ।
दुई पैसाको आम्दानी हुन्छ
स्वास्थ्य सुधार हजुर हुँदै जान्छ ॥

गर्भ देखी थप खाना खुवाऊँ
पोषिलो ख्वाई स्वस्थ्य बच्चा पाऊँ ।
जिन्दगीभर निर्धक्क भइन्छ
कुपोषण हजुर हट्दै जान्छ ॥

अण्डा अनि तरकारी उत्पादन गरौं
आफू खाने अरुलाई खुवाऊँ ।
अनि मात्रै VMF भइन्छ
राम्रो भनी समाजमा गनिन्छ ॥

कुपोषणलाई निर्मूल पार्न आजैवाटै लागौं
हजार दिनका आमा अनि सवैजना जागौं ।
समूहमा मिलेर बसेर
आजैबाट हजुर कम्मरै कसेर ॥

✍ सरस्वती लामा
**ठूलो पाखर–८, सिन्धुपाल्चोक**

चाउचाउ विस्कुट ए है जोडा ती कुरा छोड
हरियो सागपात कम्तीको काँ हो र ।
भेटभयो ए है जोडा नरेन्द्र कृष्णलाई
बाह्रै महिना तरकारी उब्जाऊ है
अगुवा कृषक ए है जोडा १००० दिन घरघरमा
आफै उब्जाऊँ नपरौं भरमा
नेतृत्वलाई ए है जोडा उत्प्रेरणा चाहिन्छ
अण्डा खाऊ प्रोटिन पाइन्छ
सकारात्मक ए है जोडा सोच र विचार
कुपोषणको नबनाऊ सिकार
मनदेखि ए है जोडा हेराइ छ हाम्रो
समुहमा नहोस् है नराम्रो
रानाभाटले ए है जोडा दिएको कुखुरा
देन अण्डा दुःखको यो कुरा
पायौं विऊ ए है जोडा पाका छौं कुखुरा
हाम्ले बुझ्यौं बुझाऊँ यो कुरा
सुरु राम्रो ए है जोडा अन्तिम नि राम्रो भो
कृषक हामी गर्नेकाम हाम्रो हो
दिगो बनाऊ ए है जोडा पोषण र सरसफाई
वेच्नु अनि रहेर आफू खाई
शुरुदेखि ए है जोडा आमा र बच्चालाई
हानी नहो सुआहारा खुवाऊँ है

✍ उषा रिमाल
**सिन्धुपाल्चोक**


**नववर्ष २०७२ सालको**
**पावन अवसरमा यहाँको सु–स्वास्थ्य, सुख–शान्ति र समुन्नतिका साथै संस्थागत प्रगतिका लागि**
**हार्दिक मङ्गलमय शुभकामना**
**व्यक्त गर्दछौं ।**

**विजय विकास स्रोत केन्द्र**
गैंडाकोट–८, विजयनगर, नवलपरासी
फोन नं. : ०५६–५०११७२/५०१४०२
फ्याक्स : ०५६–५०१४०१
ई–मेल : vdrc@vdrc.org.np

वसन्तराज लम्साल
अध्यक्ष
एवम्
विजय विकास स्रोत केन्द्र परिवार

www.vdrc.org.np

विजय विकास स्रोत केन्द्रद्वारा व्यवस्थापन गरिएको

# चेतना सदन (तालिम केन्द्र)

## Chetana Sadan (Training Center)









### तालिमका लागि सेवा/सुविधा तथा जानकारीहरू

- वातानुकूलित आरामदायी र सुविधायुक्त तालिम हल ।
- ७० जनासम्मलाई एकैपटकमा खान, बस्न र तालिमको सुविधा ।
- तालिमका लागि मल्टिमिडिया, अडियो, भिडियो तथा स्टेशनरी सामग्रीहरुको उपलब्धता ।
- फोन, फ्याक्स, इन्टरनेट, कम्प्युटर, फोटोकपी तथा यातायातका साधनसमेतको व्यवस्था ।
- विभिन्न विषयका सुयोग्य, दक्ष र अनुभवी स्रोतव्यक्तिहरुको उपलब्धता ।
- तालिम अवधिमा लोड सेडिङको समस्याबाट मुक्ति, जेनेरेटरको सुविधा ।
- स्वच्छ र सफा खानेपानी तथा स्वास्थ्यकर भोजनको व्यवस्था ।
- सुलभ दररेटमा यथेष्ट सुविधा, आफूले गरेको सहयोगले संस्थागत विकासमा योगदान पुग्ने ।
- टि. टि. बोर्ड तथा ब्याडमिन्टन खेल सुविधा ।
- अध्ययन अनुसन्धान केन्द्र, विविध विषयक अध्ययन सामग्रीयुक्त पुस्तकालय ।
- बचत, सञ्चार, शिक्षा सहकारीहरूको अध्ययन थलो ।

**तपाईले तालिम सञ्चालनको लागि बुक गर्नुपर्ने भएमा निम्नलिखित ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।**

**विजय विकास स्रोत केन्द्र**

गैंडाकोट-८, नवलपरासी

फोन नं. ०५६-५०११७२, ५०११००, ५०१४०२ फ्याक्स नं. ०५६-५०१४०१

इमल : vdrc@vdrc.org.np website: www.vdrc.org.np



Scanned with CamScanner